वि.सं. २०३९ सालदेखि निरन्तर प्रकाशित
www.bhanjyangnews.com

# भञ्ज्याङ

BHANJYANG NATIONAL DAILY राष्ट्रिय दैनिक

वर्ष ४५ अंक १३४ २०८३ भदौ ३० गते मंगलबार, नेपाल सम्वत् ११४६ September 15, 2026 पृष्ठ ४ मूल्य : रू. १५/-

वि.सं. २०३९ सालदेखि निरन्तर प्रकाशित हुँदैं आएको भञ्ज्याङ
भञ्ज्याङ bhanjyangnews.com
निष्पक्ष, सत्य, तथ्य तथा खोजमूलक समाचारको अग्रणी
सत्य, तथ्य, खोजमुलक समाचारको अग्रदूत
"विश्वसनीय समाचार, तपाईको अधिकार"
हामीलाई यहाँ फलो गर्नुहोस्
बेबसाइट www.bhanjyangnews.com
फेसबुक पेज facebook.com/bhanjyangdaily
एक्स (ट्विटर) x.com/@bhanjyangdaily
युट्युब च्यानल youtube.com/@bhanjyangtvonline9
टिकटक tiktok.com/@bhanjyang.daily.n
हामीलाई LIKE, FOLLOW गर्दैं गर्नुहोसा !
हामी तपाईलाई निष्पक्ष, सत्य, तथ्य, खोजमुलक समाचार, विचार, सूचना, सन्देश प्रवाह गरिरहने छौं ।



## शिवलाई जल

धार्मिक तथा साँस्कृतिक महत्वको हरितालिका तीज पर्वको अवसरमा सोमबार दमौलीस्थित शिविपाञ्चालन मन्दिरमा रहेको शिवलिङ्गमा जल चढाउँदै वर्तालु महिलाहरू । विशेषता नेपाली हिन्दु नारीहरूले विशेष महत्वका साथ शिव भगवानको पूजाअर्चना, आरधना गरी यो पर्व मनाउने प्रचलन छ । गत भदौ १० गते रसुवाको भोटेकोसी–त्रिशुलीमा आएको बाढीका कारण ठूलो जनधनको क्षति हुँदा यस वर्षको तीज पर्वमा उल्लासमै बन्न सकेन ।

*तस्विर : अश्विन किशोर श्रेष्ठ/भञ्ज्याङ*

# नगरपालिकाबाटै जग्गाको काम, सदरमुकाम धाउनुपर्ने बाध्यता हट्यो

## गण्डकीमा पहिलोपटक स्थानीय तहबाट भूमि प्रशासन सेवा सुरू

भञ्ज्याङ समाचारदाता/भानु

जग्गा किनबेच, नामसारी तथा भूमि प्रशासनसँग सम्बन्धित कामका लागि जिल्ला सदरमुकाम धाउनुपर्ने तनहुँको भानु क्षेत्रका नागरिकको बाध्यता अन्त्य भएको छ । भानु नगरपालिकाले सोमबारदेखि नगरपालिकाबाटै भूमि तथा जग्गा प्रशासनसम्बन्धी सेवा सञ्चालनमा ल्याएको छ ।

स्थानीय तहबाट भूमि प्रशासनसम्बन्धी सेवा सुरू गर्ने भानु गण्डकी प्रदेशकै पहिलो नगरपालिका बनेको छ । संघीयता कार्यान्वयनपछि नागरिकलाई स्थानीय तहबाटै सरकारी सेवा उपलब्ध गराउने अवधारणाअनुसार सरकारले अघि सारेको व्यवस्थालाई कार्यान्वयन गर्दै नगरपालिकाले सेवा सञ्चालनमा ल्याएको हो ।

भानु नगरपालिका-१ भन्सारस्थित सेवा प्रवाह कार्यालयबाट सुरू गरिएको सेवाको गण्डकी प्रदेशका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले डिजिटल माध्यमबाट उद्घाटन गरेका थिए। सेवा शुभारम्भकै क्रममा भानु-२ का तोरणबहादुर अधिकारीलाई जग्गाधनी प्रमाणपुर्जा हस्तान्तरण गरिएको थियो ।

उनलाई नगर प्रमुख आनन्दराज त्रिपाठी, प्रमुख जिल्ला अधिकारी शिवलाल तिवारी लगायतले संयुक्त रुपमा प्रमाणपुर्जा प्रदान गरेका थिए ।

भूमि प्रशासनको सेवा स्थानीय तहसम्म पुगेसँगै सामान्य जग्गासम्बन्धी कामका लागि पनि जिल्ला सदरमुकामसम्म पुग्नुपर्ने अवस्थाबाट सेवाग्राहीले राहत




पाउने भएका छन् । यसबाट सेवाग्राहीको समय, यातायात खर्च र कार्यालयगत झन्झट घट्ने अपेक्षा गरिएको छ ।

मुख्यमन्त्री सुरेन्द्रराज पाण्डेले सिंहदरबारको अधिकार गाउँगाउँमा पुर्‍याउने संघीयताको मूल उद्देश्य स्थानीय तहबाटै नागरिकले सहज सेवा पाउनु रहेको बताए । भूमि प्रशासन सेवा नगरपालिकाबाटै सुरू हुनु संघीयताको व्यवहारिक कार्यान्वयनतर्फको महत्वपूर्ण कदम भएको उनको भनाइ थियो ।

जिल्ला सदरमुकाम पुगेर सेवा लिनुपर्ने अवस्थाका कारण सेवाग्राहीले लामो समय र अतिरिक्त खर्च व्यहोर्नुपरेको उल्लेख गर्दै मुख्यमन्त्री पाण्डेले स्थानीय तहबाटै सेवा उपलब्ध भएपछि नागरिकको प्रशासनिक बोझ कम हुने बताए। उनले गण्डकी प्रदेशमा पहिलोपटक यस्तो सेवा सञ्चालन गरेकोमा भानु नगरपालिकालाई बधाई दिंदै स्थानीय तहमा सेवा विस्तारको अभ्यासलाई प्रभावकारी बनाउनुपर्नेमा जोड दिए ।

नगर प्रमुख आनन्दराज त्रिपाठीले नागरिकलाई घरआँगनमै सरकारी सेवा उपलब्ध गराउने उद्देश्यले नगरपालिकाले निरन्तर पहल गर्दै आएको बताए । भूमि तथा जग्गा प्रशासन सेवा पनि स्थानीय तहबाटै उपलब्ध गराउने प्रयास त्यसैको निरन्तरता भएको उनले बताए ।

नगरपालिकाबाट सेवा सुरू भएपछि यसको दिगोपन र प्रभावकारिताका लागि सम्बन्धित सरकारी निकायसँग आवश्यक

बाँकी अन्तिम पेजमा

# मुस्ताङमा आजबाट 'घरपझोंङ जलवायु सम्मेलन-२०८३'

भञ्ज्याङ समाचारदाता/तनहुँ

हिमालदेखि तराईसम्म जलवायु परिवर्तनका कारण देखिएका असर र त्यससँग जुध्ने उपायबारे साझा धारणा निर्माण गर्ने उद्देश्यले मुस्ताङको जोमसोममा "घरपझोंङ जलवायु सम्मेलन-२०८३" आयोजना गरिएको छ ।

घरपझोंङ गाउँपालिकाको आयोजनामा भदौ ३० र ३१ गते दुई दिन सञ्चालन हुने सम्मेलनमा तनहुँको दमौलीस्थित आदिकवि भानुभक्त क्याम्पसको चार सदस्यीय टोली सहभागिता जनाउने भएको छ । क्याम्पस सञ्चालक समितिका उपाध्यक्ष श्रीराम कार्कीको नेतृत्वको टोलीमा सञ्चालक समितिका सदस्य हरिसिंह गुरूङ, क्याम्पस प्रमुख महाप्रसाद हड्खले र विज्ञान तथा प्रविधि विभाग प्रमुख सागर न्यौपाने सहभागि भएका छन् ।

यस्तै, जलवायु परिवर्तन र वातावरणीय प्रभावबारे स्थानीय तहदेखि शैक्षिक क्षेत्रसम्मको अनुभव तथा अभ्यासलाई एउटै मञ्चमा ल्याउने उद्देश्यले आयोजना गरिएको सम्मेलनमा देशभरका स्थानीय तहको उल्लेख्य सहभागिता हुने आयोजकले जनाएको छ ।

सम्मेलनमा सहभागिताका लागि देशका ७५३ वटै स्थानीय तहलाई निमन्त्रणा गरिएको छ । आयोजक घरपझोंङ गाउँपालिकाका अनुसार आइतबारसम्म ४२० स्थानीय तहले सहभागिता जनाउने प्रतिबद्धता जनाएका छन् । त्यस्तै, ३६ वटा जिल्ला समन्वय समितिले पनि सम्मेलनमा सहभागिता जनाउने भएका छन् ।

प्रदेशगत रुपमा कोशी प्रदेशबाट ७२, मधेसबाट ५८, बागमतीबाट ४६, गण्डकीबाट ६४, लुम्बिनीबाट ६२, कर्णालीबाट ३८ र सुदूरपश्चिमबाट ६६ स्थानीय तहले सम्मेलनका लागि नाम दर्ता गराएका छन् ।

जलवायु परिवर्तनको प्रभाव कुनै एउटा भूगोल वा समुदायमा मात्र सीमित नरहेको अवस्थामा हिमाल, पहाड र तराईमा देखिएका फरक–फरक असर तथा स्थानीय तहले अपनाइरहेका अनुकूलनका अभ्यासबारे छलफल सम्मेलनको मुख्य विषय हुनेछ ।

सम्मेलनमा जलवायु परिवर्तन, वातावरण तथा शिक्षाका क्षेत्रमा काम गरिरहेका उच्च शैक्षिक संस्था, सामुदायिक संस्था, राष्ट्रिय तथा अन्तर्राष्ट्रिय संघसंस्था, सरकारी तथा गैरसरकारी निकायका प्रतिनिधिको पनि सहभागिता रहने आयोजकले जनाएको छ ।

आयोजकका अनुसार मुस्ताङमा पहिलोपटक आयोजना हुन लागेको सम्मेलनले जलवायु परिवर्तनका असरविरूद्ध स्थानीयदेखि राष्ट्रिय तहसम्म साझा रणनीति निर्माण गर्न तथा नेपालमा देखिएका जलवायु संकटप्रति राष्ट्रिय तथा अन्तर्राष्ट्रिय समुदायको ध्यानाकर्षण गराउन महत्वपूर्ण भूमिका खेल्ने अपेक्षा गरिएको छ।

विशेषगरी हिमाली क्षेत्रमा तापक्रम वृद्धि, हिमनदी तथा हिमतालमा देखिएको परिवर्तन,

बाँकी तेश्रो पेजमा

## सम्पादकीय ............

www.bhanjyangnews.com

# सहज स्वास्थ्य सेवा

स्वास्थ्य मानिसको आधारभूत आवश्यकता मात्र होइन, मौलिक अधिकार पनि हो। तर आर्थिक अवस्था कमजोर भएका नागरिकका लागि यो अधिकार अझै सहज छैन । उपचारको खर्च जुटाउन नसक्दा रोग सहेर बस्नुपर्ने, ऋण लिनुपर्ने वा घरखेत बेच्नुपर्ने बाध्यता धेरै परिवारको वास्तविकता हो । यस्तो अवस्थामा स्थानीय सरकारले विपन्न नागरिकको उपचारमा जिम्मेवारी लिनु सकारात्मक र आवश्यक कदम हो । तनहुँको आँबुखैरेनी गाउँपालिकाले आर्थिक रूपमा कमजोर नागरिक तथा विद्यार्थीलाई सामान्य उपचारदेखि आवश्यकताअनुसार जटिल शल्यक्रियासम्म नि:शुल्क उपचारको व्यवस्था गर्नु यही जिम्मेवारीबोधको उदाहरण हो । गाउँपालिकाले आफ्नै आन्तरिक स्रोतबाट अस्पताल सञ्चालन गर्दै यस्तो सेवा उपलब्ध गराउनु स्थानीय स्रोतको नागरिक हितमा गरिएको उचित उपयोग पनि हो ।

संविधानले स्वास्थ्यलाई मौलिक अधिकार मानेको छ । तर अधिकार व्यवहारमा उतार्न सेवा नागरिकको पहुँचमा हुनुपर्छ । अस्पताल नजिक भएर मात्र पुग्दैन, उपचार खर्च धान्न सक्ने अवस्था पनि हुनुपर्छ । आर्थिक अभावकै कारण उपचारबाट वञ्चित हुने नागरिकलाई स्थानीय सरकारले सहयोग गर्नु त्यसैले सामाजिक सुरक्षा र सुशासन दुवैको विषय हो । विशेषगरी विद्यार्थीको उपचारमा दिइने सहयोगलाई अझ संवेदनशील रूपमा हेर्नुपर्छ । एउटा गम्भीर रोगले परिवारको आर्थिक अवस्था बिगार्नुका साथै विद्यार्थीको पढाइ र भविष्यसमेत प्रभावित गर्न सक्छ । उपचारको आर्थिक चिन्ता हटाउन सके विद्यार्थीले आफ्नो स्वास्थ्यसँगै शिक्षामा ध्यान केन्द्रित गर्न सक्छ । त्यसैले यस्तो कार्यक्रम स्वास्थ्यमा गरिएको लगानी मात्र नभई भविष्य निर्माणमा गरिएको लगानी पनि हो।

तर नि:शुल्क उपचार कार्यक्रम प्रभावकारी बनाउन यसको कार्यान्वयन पारदर्शी हुनुपर्छ । सुविधा पाउने आधार स्पष्ट हुनुपर्छ । वास्तविक विपन्न नागरिकले सहज रूपमा आवेदन दिन र सेवा प्राप्त गर्न सक्ने व्यवस्था हुनुपर्छ । राजनीतिक पहुँच वा चिनजानका आधारमा सुविधा पाउने अवस्था सिर्जना भयो भने कार्यक्रमको मूल उद्देश्य नै कमजोर हुनेछ । स्वास्थ्य सहायता नागरिकको आवश्यकता र अधिकारका आधारमा हुनुपर्छ । आँबुखैरेनी अस्पतालको सेवा पालिकाको सीमाभन्दा बाहिर पनि विस्तार भएको छ । तनहुँका भानु र बन्दीपुर तथा छिमेकी जिल्ला गोरखाका नागरिकले समेत यहाँबाट उपचार सेवा लिँदै आएका छन् । यसले स्थानीय तहमा गुणस्तरीय स्वास्थ्य संस्था हुनुको महत्व देखाउँछ । स्थानीयस्तरमै उपचार पाए नागरिकको समय र यातायात खर्च बच्ने तथा उपचारका कारण परिवारमा पर्ने आर्थिक भारसमेत कम हुने अवस्था बन्छ।

तर नि:शुल्क उपचार विस्तार गर्दै जाँदा अस्पतालको गुणस्तर र दिगोपनालाई पनि उत्तिकै महत्व दिनुपर्छ । आवश्यक चिकित्सक, स्वास्थ्यकर्मी, औषधि, उपकरण, प्रयोगशाला तथा विशेषज्ञ सेवाको व्यवस्था बलियो बनाउनुपर्छ । जटिल रोगका बिरामीलाई आवश्यक परे ठूला अस्पतालसँग तत्काल समन्वय गर्ने प्रणाली पनि प्रभावकारी हुनुपर्छ । स्वास्थ्य नीति उपचारमा मात्र केन्द्रित हुनुहुँदैन। रोग लागेपछि उपचार गर्नु आवश्यक छ, तर रोग लाग्न नदिनु अझ महत्वपूर्ण हुन्छ । पोषण, सरसफाइ, सुरक्षित खानेपानी, मातृ तथा बाल स्वास्थ्य, नसर्ने रोगको परीक्षण र स्वास्थ्य सचेतनामा पनि स्थानीय सरकारले लगानी बढाउनुपर्छ ।

स्थानीय सरकार नागरिकको सबैभन्दा नजिकको सरकार हो । नागरिकले सरकारलाई भाषणबाट होइन, आफूले पाउने सेवाबाट महसुस गर्छ । गाउँमै उपचार, विपन्नका लागि आर्थिक सुरक्षा र सहज स्वास्थ्य सेवा उपलब्ध गराउन सकियो भने संघीयताको प्रत्यक्ष लाभ नागरिकले अनुभव गर्न सक्छन् । विकास भनेको सडक, भवन र पूर्वाधार निर्माण मात्र होइन । पैसा नभएकै कारण कुनै नागरिक उपचारबाट वञ्चित नहुनु र कुनै विद्यार्थी रोगका कारण आफ्नो पढाइ छोड्न बाध्य नहुनु पनि विकासको महत्वपूर्ण मापदण्ड हो । आँबुखैरेनीको नि:शुल्क उपचार कार्यक्रमलाई यही दृष्टिले हेर्नुपर्छ । यसको निरन्तरता, पारदर्शिता र गुणस्तर सुनिश्चित गर्न सके यो अन्य स्थानीय तहका लागि पनि अनुकरणीय स्वास्थ्य अभ्यास बन्न सक्छ ।




# एमालेको पुनर्गठन : नेतृत्व परिवर्तनको बहस कि विचारको रूपान्तरण ?

नेकपा एमाले यतिबेला आफ्नो वैचारिक र राजनीतिक यात्राको एउटा महत्त्वपूर्ण घडीमा छ। 'जेनजी' आन्दोलन, लोकतन्त्रको भविष्य, राष्ट्रियता र जनताको जनजीवनसँग जोडिएका सवाल अनि कम्युनिस्ट आन्दोलनको भविष्यलाई लिएर नेपाली समाजमा विकसित नयाँ चेतना र फागुन २१ को आमनिर्वाचनपछि बनेको नयाँ राजनीतिक परिस्थितिले पार्टीभित्र आत्मसमीक्षा, पुनर्गठन र पुनर्जागरणको प्रश्नलाई असाधारण रूपमा उठाएको छ। गम्भीरताका साथ नेकपा एमालेका नेता तथा कार्यकर्ताले पार्टीको समग्र पुनर्गठनको मुद्दा उठाएका छन्।

यो प्रश्न अब केही व्यक्तिको असन्तुष्टि, कुनै समूहको आकाङ्क्ष वा नेतृत्व परिवर्तनको सामान्य बहसमा मात्र सीमित छैन। यो नेकपा एमालेले भविष्यमा कस्तो विचार बोकेर अगाडि बढ्न सक्छ, कस्तो संगठन निर्माण गर्ने, जनतासँग आफ्नो सम्बन्ध कसरी पुन:स्थापित गर्ने र बदलिँदो पुस्तालाई कसरी नेतृत्वमा जोड्ने भन्ने आधारभूत सैद्धान्तिक र राजनीतिक प्रश्न बनिसकेको छ । पार्टीभित्र यस विषयमा कार्यदल बनेको छ। विभिन्न तहबाट सुझाव संकलन भएका छन् र प्रतिवेदन तयार हुँदै

स्वाभिमान र सामाजिक न्यायका प्रश्न नयाँ ढङ्गले उठिरहेका छन् । यस्तो अवस्थामा समाज परिवर्तनको दाबी गर्ने पार्टी आफैँ परिवर्तन हुन तयार छैन भने उसले परिवर्तनको नेतृत्व कसरी गर्न सक्छ ? यो नेतृत्वले समाजमा देखिएको अन्तर्विरोध र अन्तरविरोध समाधान गर्न नसक्ने विरोधाभास हो। कम्युनिस्ट पार्टी परिवर्तनको साधन हो, परिवर्तनको संग्रहालय होइन ।

त्यसैले पुनर्गठन संकटको क्षणमा गरिने आकस्मिक मर्मत–सुधार होइन । यो समयसँग पार्टीको सम्बन्ध पुन:स्थापित गर्ने निरन्तर राजनीतिक प्रक्रिया हो । जुन पार्टीले समाज बदल्न चाहन्छ, उसले आफ्नो संगठनलाई पनि बदल्न सक्नुपर्छ। आफूलाई सुधार्न नसक्ने संगठनले समाज सुधार्ने नैतिक अधिकार पनि क्रमशः गुमाउँदै जान्छ। यही कारण पुनर्गठन आज कुनै वैकल्पिक विलासिता होइन, यो एमालेको जीवन्तता र भविष्यसँग जोडिएको आवश्यकता हो ।

### पुनर्गठनको लक्ष्य र उद्देश्य

आज पुनर्गठनको बहसलाई संगठनको संरचना मात्र फेर्ने सीमित अर्थमा बुझियो भने ठूलो भूल हुनेछ। यसको पहिलो तह

निर्वाचन सकिएपछि बिर्सने प्रवृत्तिले राजनीतिक सम्बन्ध टिक्दैन। किसानको खेतमा, मजदुरको श्रममा, युवाको बेचैनीमा, उद्यमीको संघर्षमा, महिलाको आकाङ्क्षामा र नयाँ पुस्ताको प्रश्नमा पार्टीको उपस्थिति देखिनुपर्छ ।

पाँचौँ कुरा, विधि र विधान हो। कम्युनिस्ट पार्टी व्यक्ति विशेषको इच्छाले होइन, संस्थागत विधिले चल्नुपर्छ। विधान सबैका लागि समान हुनुपर्छ । विधान संशोधन गर्न सकिन्छ, तर त्यसलाई कसैको सुविधा वा असुविधाअनुसार प्रयोग गर्ने संस्कारले संस्था कमजोर बनाउँछ। व्यक्ति विधानभन्दा माथि भयो भने संस्था तल पर्छ; संस्था तल परेपछि लोकतन्त्र पनि तल पर्छ ।

छैटौँ कुरा, जबजको लोकतान्त्रिक आत्मा हो । जबजले नेपाली कम्युनिस्ट आन्दोलनलाई जनअनुमोदन, बहुदलीय प्रतिस्पर्धा, आवधिक निर्वाचन र लोकतान्त्रिक प्रक्रियासँग जोडेको हो। त्यसैले यसको लोकतान्त्रिक आत्मा पार्टीभित्र पनि देखिनुपर्छ। बाहिर लोकतन्त्रको भाषण र भित्र असहमतिप्रति असहिष्णुता– यो अन्तर्विरोध अब लामो समय चल्न सक्दैन।

सातौँ कुरा, नेतृत्व परिवर्तन र पुस्तान्तरण हो। नेतृत्व भनेको पदमा निरन्तर बसिरहनु




छ। स्वाभाविक रूपमा पुनर्गठनको अर्थ, यसको सीमा र यसको उद्देश्यबारे फरक धारणा छन्। लोकतान्त्रिक पार्टीमा मतभिन्नता हुनु अस्वाभाविक होइन। अस्वाभाविक त त्यतिबेला हुन्छ, जब मतभिन्नतालाई विचारको बहसबाट निकालेर व्यक्तिको पक्ष–विपक्षमा सीमित गरिन्छ।

त्यसैले आज नेकपा एमालेभित्रको बहसलाई एउटा सरल तर निर्णायक प्रश्नमा केन्द्रित गर्न आवश्यक छ– हामी पुनर्गठनमार्फत के बदल्न खोजिरहेका छौँ र भविष्यमा कस्तो एमाले बनाउन खोजिरहेका छौँ? यसको उत्तर केवल नेतृत्व मात्र बदल्नु वा अर्को व्यक्ति नेतृत्वमा टिपेर ल्याउनु, केही पद बाँडफाँट गर्ने विषय मात्र होइन। यसको उत्तर पार्टीको सोच, संगठन, कार्यशैली, जनसम्बन्ध, लोकतान्त्रिक संस्कार र नेतृत्व विकासलाई समयअनुकूल पुनर्संयोजन गर्नु हो भने त्यो नै वास्तविक पुनर्गठन हो ।

### नेकपा एमालेमा पुनर्गठन

नेकपा एमाले मार्क्सवाद–लेनिनवाद र जनताको बहुदलीय जनवाद (जबज) मा विश्वास गर्ने पार्टी हो। जबजले विचार, संगठन र जनसम्बन्धलाई स्थिर मान्दैन। हिजोको मान्यतामा बसेर आजको परिस्थितिको नेतृत्व गर्न सम्भव छैन भन्ने हामी बुझ्छौँ । आज समाज र परिस्थिति तीव्र गतिमा परिवर्तन भइरहेको छ; समाज स्थिर छैन। समाजको चेतना, आवश्यकता र अपेक्षा निरन्तर बदलिरहेका छन्। प्रविधिले मानिसको सोच्ने, बोल्ने र सङ्गठित हुने तरिका बदलिरहेको छ।

नयाँ पुस्ता पुरानो राजनीतिक भाषाभन्दा फरक भाषामा प्रश्न गरिरहेको छ । रोजगारी, उत्पादन, शिक्षा, स्वास्थ्य, सुशासन, राष्ट्रिय

विचारमा पुग्नुपर्छ । बदलिँदो नेपाली समाजका प्रश्नको उत्तर दिने गरी जबजको मूल आत्मालाई समकालीन सन्दर्भमा अझ विकसित गर्नुपर्छ । लोकतन्त्र र समाजवादबिचको सम्बन्ध, राष्ट्रिय स्वाधीनता र आर्थिक विकासको सम्बन्ध, उत्पादन र समृद्धिको सम्बन्ध, सामाजिक न्याय र राज्यको भूमिकाको सम्बन्धलाई नयाँ पुस्ताले बुझ्ने भाषामा स्पष्ट पार्नुपर्छ । विचारलाई जोगाउने सबैभन्दा राम्रो उपाय त्यसलाई दोहोर्‍याइरहनु होइन, त्यसलाई समयका नयाँ प्रश्नको उत्तर बनाइरहनु हो । विचार जीवित छ भने उसले नयाँ प्रश्नसँग संवाद गर्छ। संवाद गर्न नसक्ने विचार क्रमशः नारामा बदलिन्छ ।

दोस्रो कुरा, संगठन हो । संगठनको आकार ठूलो हुँदैमा संगठन बलियो हुँदैन। बलियो संगठन त्यो हो, जहाँ कार्यकर्ता निर्णय प्रक्रियाको सहभागी हुन्छ, जिम्मेवारी पाउँछ, प्रश्न गर्न सक्छ, आलोचना गर्न सक्छ र नेतृत्व निर्माणको अवसर पाउँछ। कमिटीहरु केवल माथिको निर्णय सुनाउने माध्यम होइन, विचार निर्माण गर्ने संस्था बन्नुपर्छ । तेस्रो कुरा, कार्यशैली हो । समाज डिजिटल युगमा प्रवेश गरिसक्यो, तर पार्टीको कार्यशैली धेरै ठाउँमा अझै पुरानै ढर्रामा छ भने दूरी बढ्नु स्वाभाविक हो। अब पार्टीले आदेशभन्दा संवाद, भाषणभन्दा व्यवहार, औपचारिक सम्पर्कभन्दा निरन्तर जनसम्बन्ध र पदभन्दा जिम्मेवारीलाई प्राथमिकता दिनुपर्छ।

चौथो कुरा, जनसम्बन्ध हो । राजनीतिक पार्टीको सबैभन्दा ठूलो सम्पत्ति कार्यालय, भवन वा पद होइन– जनताको विश्वास हो। जनता निर्वाचनका बेला मात्र सम्झिने र

मात्र होइन, संस्था बलियो बनाउँदै सक्षम उत्तराधिकारी निर्माण गर्नु हो। नेतृत्वको नवीकरण र पुस्तान्तरण कुनै व्यक्ति वा पुस्ताविरूद्धको अभियान होइन; अनुभव र नयाँ पुस्ताको ऊर्जा जोड्ने लोकतान्त्रिक प्रक्रिया हो। पुरानो पुस्ताको योगदान र अनुभवको सम्मान गर्दै नयाँ पुस्तालाई जिम्मेवारी र नेतृत्वको अवसर दिनु नै संगठनको दीर्घजीवनको आधार हो। नेता बदलिनु कमजोरी होइन, नेतृत्व हस्तान्तरण गर्न नसक्नु कमजोरी हो। पुस्तान्तरण विस्थापन होइन– अनुभवबाट ऊर्जातर्फ र संघर्षबाट उत्तराधिकारको यात्रा हो।

आठौँ र अन्तिम कुरा, निर्वाचन हो। पुनर्गठनको सम्पूर्ण प्रक्रिया जनतासम्म पुगेर प्रमाणित हुनुपर्छ। आगामी निर्वाचनमा जनताको विश्वास जित्न सक्ने, संगठनलाई परिचालन गर्न सक्ने, नयाँ पुस्तालाई आकर्षित गर्न सक्ने र प्रतिस्पर्धी राजनीतिक शक्तिका रूपमा उभिन सक्ने एमाले निर्माण गर्नु पुनर्गठनको व्यावहारिक परीक्षा हो । यसरी हेर्दा पुनर्गठनका आठवटा आयाम भए पनि यसको लक्ष्य एउटै छ– जनताको विश्वासमा आधारित, विचारमा स्पष्ट, संगठनमा लोकतान्त्रिक र निर्वाचनमा सक्षम नयाँ एमाले बनाउनु ।

### विचारको उत्पत्ति थोरैबाट हुन्छ

पुनर्गठनको बहसको एउटा रोचक पक्ष के छ भने, हिजो यो विषय उठाउँदा पार्टीभित्र त्यसको पक्षमा बोल्ने मानिस थोरै थिए। आज भने पुनर्गठनको विषय नेतृत्वको माथिल्लो तहसम्म पुगेको छ, कार्यदल बनेर बहसमा पुगेको छ र पार्टीको संस्थागत प्रक्रियाको विषय बनेको छ। कार्यदलले पुनर्गठनको एकीकृत दस्ताबेज बनाउँदै छ ।

बाँकी तेश्रो पेजमा

## तपाईंको आज

**मेष**
काममा उत्साह बढ्नेछ । आर्थिक लाभको अवसर मिल्नेछ । नयाँ काम सुरु गर्ने समय छ ।

**वृष**
नयाँ जिम्मेवारी आउन सक्छ। पारिवारिक सहयोग प्राप्त हुनेछ । काममा उत्साह बढ्दै जानेछ ।

**मिथुन**
रोकिएका काम अघि बढ्नेछन्, आर्थिक लाभको अवसर छ भने बोलीमा संयम अपनाउनुहोला ।

**कर्कट**
मेहनतको राम्रो परिणाम मिल्नेछ । स्वास्थ्यमा ध्यान दिनुहोस् । बोलीको प्रभाव बढ्ने छ ।

**सिंह**
नयाँ अवसर प्राप्त हुन सक्छ, रोकिएका काम अघि बढ्नुका साथै व्यापारमा लाभको योग छ।

**कन्या**
कामको चाप बढ्नेछ । अनावश्यक खर्चबाट जोगिनुहोस् । कार्यक्षेत्रमा प्रशंसा पाइनेछ ।

**तुला**
साथीभाइबाट सहयोग मिल्नेछ । नयाँ काम सुरु गर्न अनुकूल दिन । आम्दनी बढ्ने सम्भावना छ ।

**वृश्चिक**
महत्वपूर्ण निर्णयमा सफलता मिल्नेछ । आम्दानी बढ्ने संकेत । नयाँ काम सुरु गर्ने समय छ ।

**धनु**
यात्रा वा भेटघाटको अवसर मिल्नेछ । मनोरञ्जनका साथै पारिवारिक वातावरण सुखद रहनेछ ।

**मकर**
कार्यक्षेत्रमा प्रशंसा पाइनेछ। आर्थिक कारोबारमा सावधानी अपनाउनुहोस् । स्वास्थ्यमा ध्यान दिनुहोला ।

**कुम्भ**
नयाँ योजना बनाउन राम्रो दिन। रोकिएको धन प्राप्त हुन सक्छ । कामको चाप बढ्ने छ ।

**मीन**
आत्मविश्वास बढ्नेछ। मेहनतअनुसार उपलब्धि प्राप्त हुनेछ । धन आर्जन गर्न सकिनेछ ।

# एमालेको पुनर्गठन : नेतृत्व ........

यो कसैका लागि लाजको विषय होइन, बरू विचारको स्वाभाविक विजय हो। राजनीतिक विचार सधैँ बहुमतबाट जन्मिँदैन । धेरैपटक नयाँ विचार एक्लो आवाजबाट सुरू हुन्छ। त्यसपछि केही मानिसले त्यसलाई बुझ्छन्। बहस हुन्छ। विरोध हुन्छ । आलोचना हुन्छ। समय बित्दै जाँदा त्यसको आवश्यकता प्रमाणित हुन्छ र अन्ततः त्यही विचार व्यापक बन्छ।

त्यसैले हिजो पुनर्गठनको पक्षमा उभिने साथीहरू आज निराश हुनुपर्ने होइन, गर्व गर्नुपर्ने अवस्थामा छन्। उनीहरूले उठाएको प्रश्न आज ठूलो वृत्तमा छलफलको विषय बनेको छ। तर यहाँ एउटा महत्त्वपूर्ण राजनीतिक संस्कार चाहिन्छ। विचारको विजयलाई व्यक्तिगत विजय नबनाऔँ। 'हिजो हामी थोरै थियौँ, आज तपाईँहरु पनि हामीसँग आउनुभयो' भनेर हिसाबकिताब गर्ने हो भने विचार फेरि सानो घेरामा फर्कन्छ । बरू भन्नुपर्छ- 'हिजो हामीले देखेको कुरा आज तपाईँले पनि देख्नुभयो, स्वागत छ।' कम्युनिस्ट आन्दोलनको शक्ति मानिसलाई हराउनु होइन, मानिसलाई विचारमा जित्नु हो।

**विचारमा असहमति, सहमति र विरोधाभास**

आज पुनर्गठनको पक्षमा नयाँ-नयाँ आवाजहरु सुनिन थालेपछि केही प्रश्न उठेका छन्- हिजो पुनर्गठनको पक्षमा नउभिएका साथीहरु आज किन त्यसैको पक्षमा आए? हिजो नेतृत्वको बचाउ गर्नेहरु आज किन नेतृत्व नवीकरणको कुरा गर्छन् ? हिजो विद्यमान अभ्यास ठीक थियो भन्नेहरु आज किन सुधारको आवश्यकता देख्छन्? यी प्रश्न अस्वाभाविक होइनन्। तर तिनको उत्तर व्यक्तिगत कटाक्षमा होइन, राजनीतिक चेतनाको विकासमा खोज्नुपर्छ। मानिसले आफ्नो विचार बदल्न सक्छ। राजनीतिक कार्यकर्ताले आफ्नो अनुभवबाट सिक्न सक्छ। हिजो सही लागेको कुरा आज गलत देखिन सक्छ। हिजो नबुझेको कुरा आज बुझ्न सकिन्छ। यदि कम्युनिस्ट पार्टीले विचार बदल्नुलाई अपराध ठान्छ भने उसले चेतनाको विकासलाई नै अस्वीकार गर्छ। मार्क्सवादको आधारभूत शक्ति नै वस्तुगत यथार्थको विश्लेषण हो। यथार्थ बदलियो भने विश्लेषण पनि परिष्कृत हुनुपर्छ । त्यसैले आज कुनै साथी पुनर्गठनको पक्षमा आउँछन् भने उनीहरूलाई हिजोको हिसाबकिताब देखाएर रोक्नु राजनीतिक रूपमा प्रतिगामी सोच हो। सही विचारमा ढिलो आइपुग्नु अपराध होइन, सही कुरा बुझिसकेपछि पनि गलत ठाउँमा बसिरहनुचाहिँ समस्या हो। यसकारण आज पुनर्गठनको पक्षमा थपिने प्रत्येक आवाजलाई स्वागत गर्नुपर्छ। किनकि यसले अभियानलाई कमजोर होइन, बलियो बनाउँछ। पुनर्गठन सिङ्गो पार्टीको आवाज बन्छ। यसले कम्युनिस्ट भविष्य सुदृढ बनाउँछ। एमाले प्रतिस्पर्धामा श्रेष्ठ हुन्छ र सत्ताको नेतृत्व गर्छ।

**असन्तुष्टि पुनर्गठनको सिद्धान्त होइन**

बुझ्नुपर्ने विषय के हो भने, पुनर्गठनको पक्षमा उभिएको प्रत्येक व्यक्ति स्वतः सही र पुनर्गठनको विरोध गर्ने प्रत्येक व्यक्ति स्वतः गलत हुँदैन । विचारको परीक्षण व्यक्तिको पद, सम्बन्ध वा अतीतबाट होइन, विगतको आत्मसमीक्षा, आजको नयाँ बुझाइ, सत्य र तथ्यगत तर्कको परिणामबाट हुन्छ। कसैले व्यक्तिगत असन्तुष्टिका कारण पुनर्गठनको कुरा गरेको हुन सक्छ, तर त्यसले पुनर्गठनको आवश्यकतालाई गलत साबित गर्दैन । त्यस्तै कसैले व्यक्तिगत निष्ठाका कारण पुनर्गठनको विरोध गरेको हुन सक्छ, त्यसले पनि पुनर्गठनको प्रश्नलाई समाप्त गर्दैन। यसैले पार्टीले व्यक्तिको नियतको अनुसन्धानभन्दा प्रस्तावको अन्तर्वस्तुको परीक्षण गर्नुपर्छ।

**व्यक्ति बदलिन सक्छ, विचार निरन्तर हुन्छ**

विचारमा रहेको असहमति र असन्तुष्टिलाई भोलिको संस्थागत सुधारमा रूपान्तरण गर्न सकियो भने त्यो राजनीतिक उपलब्धि हो। तर असन्तुष्टिलाई गुट निर्माणको इन्धन बनाइयो भने पुनर्गठनको उद्देश्य नै विफल हुन्छ। पुनर्गठनको विरोधमा उठ्ने आजको सबैभन्दा सजिलो तर्क हो- 'यो नेतृत्व विरूद्धको अभियान हो।' तर 'पुनर्गठन भनेको नेतृत्वविरूद्धको अभियान हो' भन्ने भ्रम त्याग्नुपर्छ।

प्रश्न गर्नुपर्छ- पार्टीभित्र नेतृत्वको समीक्षा गर्नु नेतृत्वविरोधी कसरी भयो? नेतृत्वको आलोचना गर्नु पार्टीविरोधी कसरी भयो ? नेतृत्व नवीकरणको कुरा गर्नु संगठनविरोधी कसरी भयो? लोकतान्त्रिक पार्टीमा नेतृत्व आलोचनाभन्दा माथि हुँदैन। नेतृत्व सम्मानित हुन सक्छ, तर अछुतो हुन सक्दैन । कुनै नेता ऐतिहासिक हुन सक्छन्, उनीहरूको योगदान महत्त्वपूर्ण हुन सक्छ, तर योगदानलाई संस्थागत अमरत्वको प्रमाणपत्र बनाउन मिल्दैन । नेताको सम्मान र व्यक्तिपूजा एउटै कुरा होइन। नेतृत्वको निरन्तरता र नेतृत्वको स्थायित्व पनि एउटै कुरा होइन।

**नेता पार्टीका लागि : पार्टी संस्थाका लागि**

यो वाक्य कठोर लाग्न सक्छ, तर संस्थामुखी लोकतन्त्रको आधार यही हो। 'अहिले नेतृत्व परिवर्तनको समय होइन' भन्ने तर्कको सीमा छ। अर्को तर्क आउन सक्छ, 'अहिले नेतृत्व परिवर्तनको समय होइन, पार्टीलाई एकता चाहिएको छ ।'

एकता आवश्यक छ । तर एकताको अर्थ बहस बन्द गर्नु होइन। एकताको अर्थ आलोचना निषेध गर्नु होइन। एकताको अर्थ एउटा व्यक्तिको वरिपरि सबैलाई उभ्याउनु होइन। वास्तविक एकता विचार, विधि र संस्थाको आधारमा निर्माण हुन्छ। जहाँ प्रश्न गर्न पाइँदैन, त्यहाँ बाहिर देखिने शान्ति हुन सक्छ, तर त्यो दीर्घकालीन एकता होइन। पार्टीभित्र असन्तुष्टि छ भने त्यसलाई दबाएर होइन, संस्थागत संवादबाट समाधान गर्नुपर्छ। त्यसैले पुनर्गठनलाई विभाजनको कारण होइन, विभाजन रोक्ने संस्थागत उपायका रूपमा बुझ्नुपर्छ। किनकि असहमति व्यक्त गर्ने बाटो बन्द भयो भने असहमति अन्ततः संगठनबाहिर जान्छ। तर पार्टीभित्रै बहस गर्ने ठाउँ भयो भने असहमति संस्थाको सुधारमा बदलिन्छ।

**नेतृत्व परिवर्तनले पार्टी कमजोर हुँदैन**

नेतृत्व परिवर्तन आफैँमा कमजोरी होइन । विधि र संस्थागत प्रक्रियाबाहिर नेतृत्व परिवर्तनको कुरा गरिनु कमजोरी हो। संस्थागत परिवर्तन र संस्थागत नेतृत्व नवीकरण नै संगठनको शक्ति हो। यदि नयाँ पुस्तालाई सधैँ 'अझै समय आएको छैन' भनिरहने हो भने त्यो समय कहिल्यै आउँदैन। नयाँ नेतृत्व अनुभवबाट मात्र होइन, जिम्मेवारीबाट जन्मिन्छ । त्यसैले पुस्तान्तरणको प्रश्न पुरानो पुस्तालाई हटाउने होइन, नयाँ पुस्तालाई निर्माण गर्ने संकल्प र नेतृत्वको जिम्मेवारी हो । पुरानो पुस्ता अनुभव हो, नयाँ पुस्ता ऊर्जा हो । पार्टीलाई दुवै चाहिन्छ। तर अनुभवको नाममा भविष्य बन्द गर्न मिल्दैन । जुन नेतृत्वले आफ्नो उत्तराधिकारी निर्माण गर्न सक्दैन, त्यो नेतृत्वले आफ्नो संस्थागत विरासत अधुरो छाड्छ । यसैले नेतृत्व हस्तान्तरणलाई पराजयका रूपमा होइन, सफल नेतृत्वको उच्चतम राजनीतिक संस्कारका रूपमा बुझ्नुपर्छ।

**व्यक्तिपूजाबाट संस्थामुखी लोकतन्त्रतर्फ**

नेकपा एमालेको सबैभन्दा गम्भीर वैचारिक चुनौतीमध्ये एउटा व्यक्तिमुखी राजनीतिक संस्कृतिबाट संस्थामुखी लोकतन्त्रतर्फ संक्रमणमा लैजानु हो। कुनै नेताविना पार्टी चल्दैन भन्ने मानसिकता अन्ततः पार्टीको संस्थागत क्षमतामाथिको अविश्वास हो। एउटा व्यक्तिको अनुपस्थितिमा संगठन चल्दैन भने समस्या व्यक्तिमा होइन, संगठन निर्माणमा हुनेछ। महान् नेतृत्वले आफूलाई अपरिहार्य बनाउने होइन, संस्था आफूविना पनि चल्न सक्ने बनाउनु हो। पार्टीभित्र यस्तो संस्कृति चाहिन्छ जहाँ- अध्यक्षको सम्मान होस् तर अध्यक्षभन्दा ठूलो विधान होस्, महासचिवको भूमिका होस् तर महासचिवभन्दा ठूलो संस्था होस्, नेताको प्रभाव होस् तर प्रभावभन्दा ठूलो विचार होस्। व्यक्ति अस्थायी हो, संस्था स्थायी हो । पद अस्थायी हो, विचार दीर्घकालीन हो। नेतृत्वको कार्यकाल सीमित हुन्छ, पार्टीको यात्रा लामो हुन्छ । यही चेतना पुनर्गठनको वैचारिक आधार बन्नुपर्छ ।

**जबजको असली परीक्षा पार्टीभित्रै हुनुपर्छ**

जबजलाई केवल चुनाव जित्ने रणनीतिक दस्तावेजका रूपमा बुझ्नु यसको ऐतिहासिक गहिराइलाई घटाउनु हो। यसको आत्मा लोकतान्त्रिक प्रतिस्पर्धा, जनअनुमोदन, बहुलवाद र संस्थागत प्रक्रियामा छ। त्यसैले जबजको सबैभन्दा ठूलो परीक्षा पार्टी बाहिर होइन, पार्टीभित्र हुन्छ। हामीले जनतासँग लोकतन्त्र माग्ने हो भने आफ्ना कार्यकर्तालाई पनि लोकतन्त्र दिनुपर्छ। हामीले देशमा विधिको शासन चाहने हो भने पार्टीभित्र पनि विधिको शासन स्थापित गर्नुपर्छ। हामीले नेतृत्व चयनमा जनअनुमोदन चाहने हो भने पार्टीभित्र नेतृत्व चयनको प्रक्रिया पनि पारदर्शी र प्रतिस्पर्धी हुनुपर्छ। बाहिर लोकतन्त्र र भित्र व्यक्तिकेन्द्रित अभ्यास- यो जबजको आत्मासँग मेल खाने राजनीतिक संस्कृति होइन । त्यसैले सङ्गठनात्मक लोकतन्त्रको पुनर्स्थापना कुनै अतिरिक्त माग होइन, जबजलाई व्यवहारमा उतार्ने अनिवार्य प्रक्रिया हो।

पुनर्गठनको पक्षमा उभिएका साथीहरूले पनि आफूलाई यही ऐनामा हेर्नुपर्छ । पुनर्गठनको नाममा नयाँ गुट बन्यो भने के फरक भयो ? व्यक्तिपूजाको विरोध गरेर अर्को व्यक्तिको पूजा सुरू भयो भने के परिवर्तन भयो ? पुरानो समूहको हिसाबकिताब बोकेर नयाँ समूह बनाइयो भने के नयाँ भयो ? त्यसैले पुनर्गठनको पहिलो सर्त नै आत्मसंयम हो। हामीले व्यक्तिलाई होइन, प्रवृत्तिलाई चुनौती दिनुपर्छ। व्यक्तिलाई होइन, संस्थालाई बलियो बनाउनुपर्छ। प्रतिशोध होइन, सुधार खोज्नुपर्छ। अतीतको हिसाब होइन, भविष्यको बाटो देखाउनुपर्छ। व्यक्तिवादको विकल्प अर्को व्यक्तिवाद होइन- संस्थागत अभ्यास हो। यो विषय नै पुनर्गठनको नैतिक शक्ति हुनेछ ।

**कार्यदलको प्रतिवेदनः अन्त्य होइन, सुरूवात**

कार्यदलले प्रतिवेदन तयार गर्दै छ। प्रतिवेदन महत्त्वपूर्ण हुनेछ, तर प्रतिवेदन आफैँ पुनर्गठन होइन। कागजमा लेखिएको सुधार र व्यवहारमा भएको सुधारबिच आकाश-जमिनको फरक हुन्छ। त्यसैले अब बन्ने प्रतिवेदनले केवल समस्या गन्ने होइन, समाधानको बाटो पनि स्पष्ट गर्नुपर्छ। कुन संरचना सुधार्ने ? नेतृत्व विकास कसरी गर्ने ? कार्यकर्ताको भूमिका कसरी बढाउने? जनसम्बन्ध कसरी पुनःस्थापित गर्ने? विधि-विधानको कार्यान्वयन कसरी सुनिश्चित गर्ने ? विचारको प्रशिक्षण कसरी आधुनिक बनाउने ? नयाँ पुस्तालाई जिम्मेवारीमा कसरी ल्याउने? आगामी निर्वाचनमा संगठनलाई कसरी प्रभावकारी बनाउने? यी प्रश्नको उत्तर कार्यान्वयनयोग्य हुनुपर्छ, नत्र पुनर्गठन फेरि अर्को दस्तावेज बन्नेछ। पुनर्गठन केन्द्रबाट गाउँसम्म पुग्नुपर्छ। पुनर्गठनको असली जीवन केन्द्रीय कार्यालयमा होइन, गाउँको पार्टी कमिटीमा हुनुपर्छ।

कार्यकर्ताले पुनर्गठनको अर्थ बुझ्नुपर्छ। गाउँको कार्यकर्ताले 'अब पार्टीमा मेरो आवाजको मूल्य छ' भन्ने अनुभूति गर्नुपर्छ। युवाले 'यो पार्टी मेरो भविष्यसँग जोडिएको छ' भन्न सक्नुपर्छ। जनताले 'एमाले आफूलाई बदल्दै छ' भन्ने देख्नुपर्छ। त्यसैले पुनर्गठनलाई तलसम्म लैजानुपर्छ। बहस गर्नुपर्छ, प्रशिक्षण गर्नुपर्छ, अन्तरक्रिया गर्नुपर्छ, आलोचना सुन्नुपर्छ र नयाँ विचारलाई ठाउँ दिनुपर्छ। पुनर्गठन माथिबाट जारी हुने निर्देशन होइन; तलबाट अनुभूति हुने परिवर्तन हो ।

**अब पक्ष-विपक्ष होइन, साझा भविष्य**

पार्टीभित्र पुनर्गठनको प्रश्नले केही दुविधा र अन्तरविरोध जन्माएको छ। तर ती अन्तरविरोधलाई सही ढङ्गले व्यवस्थापन गर्न सकियो भने यही बहस एमालेको शक्ति बन्न सक्छ। विचारको मतभिन्नता पार्टी फुट्ने कारण बन्नु हुँदैन, बरू संस्थागत बहसको माध्यम बन्नुपर्छ। नेतृत्वको आलोचना नेतृत्वविरोधी अभियान बन्नु हुँदैन, बरू नेतृत्वलाई अझ उत्तरदायी बनाउने माध्यम बन्नुपर्छ। पुस्तान्तरण पुरानो पुस्ताविरूद्धको युद्ध बन्नु हुँदैन, बरू पुस्ताबिचको सहकार्य बन्नुपर्छ। पुनर्गठन कुनै पक्षको विजय र अर्को पक्षको पराजय बन्नु हुँदैन। पुनर्गठनको अन्तिम विजेता नेकपा एमाले हुनुपर्छ।

यही एउटा बिन्दुमा पुगेर आजका सबै अन्तरविरोध समाधान गर्न सकिन्छ। हिजो पुनर्गठनको पक्षमा उभिएका साथीहरूले आफ्नो अहंकार छोड्नुपर्छ। आज पुनर्गठनको पक्षमा आउने साथीहरूले आफ्नो अतीतको संकोच छोड्नुपर्छ। नेतृत्वले आफ्नो आलोचनाबाट डराउन छोड्नुपर्छ। कार्यकर्ताले प्रश्न गर्न डराउन छोड्नुपर्छ । र, पार्टीले व्यक्तिभन्दा संस्थालाई माथि राख्ने साहस गर्नुपर्छ।

**पुनर्गठन अब रोजाइ होइन, जिम्मेवारी हो**

नेकपा एमालेको पुनर्गठन कुनै व्यक्तिको राजनीतिक भविष्य सुरक्षित वा असुरक्षित बनाउने कुरा होइन, यो पार्टीको भविष्य सुरक्षित गर्ने माध्यम हो । यो कुनै नेता हटाउने अभियान होइन, नेतृत्वलाई संस्थागत बनाउने अभियान हो। यो पुरानो पुस्तालाई विस्थापित गर्ने अभियान होइन, नयाँ पुस्तालाई उत्तराधिकारी बनाउने अभियान हो । यो पार्टी फुटाउने अभियान होइन; पार्टीलाई संस्थागत बनाउने अभियान हो ताकि असहमति पनि पार्टीभित्रै समाधान हुन सकोस्। यो विगतलाई अस्वीकार गर्ने अभियान होइन, विगतको संघर्ष, अनुभव र उपलब्धिलाई नयाँ युगको आवश्यकतासँग जोड्ने अभियान हो।

हिजो पुनर्गठनको कुरा थोरै मानिसले उठाएका थिए भने आज धेरै मानिसले उठाइरहेका छन्। यसलाई विभाजनको संकेत होइन, विचारको विस्तारका रूपमा बुझौँ। हिजो विरोध गर्ने साथी आज समर्थनमा आउँछन् भने उनलाई प्रश्नपत्र नदिऔँ, हात समातौँ। हिजो नेतृत्वको नजिक रहेका साथी आज संस्थागत सुधारको पक्षमा उभिन्छन् भने उनलाई शंकाको घेरामा नराखौँ, स्वागत गरौँ। किनकि कम्युनिस्ट आन्दोलनको विजय मानिसको सत्त्या घटाएर होइन, विचारको परिवार बढाएर हुन्छ। अब पार्टीभित्र एउटा नयाँ संस्कार निर्माण गर्नुपर्छ- 'हिजो कहाँ थियौ' भन्नेभन्दा 'आज कहाँ उभिएका छौ' भन्ने महत्त्वपूर्ण हो। तर यसको अर्थ सिद्धान्तविहीन अवसरवादलाई स्वीकार गर्नु पनि होइन। आजको परिवर्तन तर्क, विचार र संस्थागत प्रतिबद्धतामा आधारित हुनुपर्छ। पुनर्गठन कुनै व्यक्तिको पदप्राप्तिको भऱ्याङ होइन, पार्टी रूपान्तरणको राजनीतिक संकल्प हुनुपर्छ।

**एमालेः जनताको भविष्य**

नेकपा एमालेले अब विगतको गौरवमा मात्र आफूलाई सुरक्षित राख्न सक्दैन। गौरव इतिहासको पुँजी हो, भविष्यको योजना होइन। भविष्यका लागि नयाँ सोच चाहिन्छ, नयाँ संगठन चाहिन्छ, नयाँ कार्यशैली चाहिन्छ, नयाँ जनसम्बन्ध चाहिन्छ र नयाँ नेतृत्वको बाटो चाहिन्छ । र, सबैभन्दा माथि- संस्थाप्रति विश्वास चाहिन्छ ।

अब एमालेले तय गर्नुपर्ने दिशा स्पष्ट छ। व्यक्तिभन्दा संस्था ठूलो बनाउने। गुटभन्दा विचार ठूलो बनाउने। पदभन्दा जिम्मेवारी ठूलो बनाउने। अनुयायीभन्दा उत्तराधिकारी निर्माण गर्ने। असहमतिलाई दमन होइन, संवादबाट समाधान गर्ने। जबजलाई नारामा होइन, सङ्गठनात्मक व्यवहारमा उतार्ने। पुनर्गठनलाई केन्द्रको कागजबाट गाउँको व्यवहारसम्म पुऱ्याउनुपर्छ। किनकि पुनर्गठनको प्रश्न यो होइन कि 'को जित्यो ?' प्रश्न यो हुनुपर्छ- देश, जनता र कम्युनिस्ट भविष्यका लागि पुनर्गठित एमाले जित्नुपर्छ।

**अबको प्रश्न एमालेलाई जिताउनु हो**

समयको माग र आवश्यकता अनुसार पार्टी पुनर्गठन भएपछि एमाले जिताउन सकिन्छ। एकताबद्ध र सङ्गठित एमालेले सबै समस्याको हल गर्न वस्तुनिष्ठ र व्यावहारिक ढङ्गले काममा लाग्नुपर्छ। समस्या समाधानका लागि यी प्रश्नको वैचारिक र राजनीतिक हल खोज्नुपर्छ- जनताको विश्वास कसरी जित्ने ? नयाँ पुस्ताको मन कसरी जित्ने ? आन्तरिक लोकतन्त्र कसरी मजबुत बनाउने ? विचारको संघर्ष कसरी जित्ने ? जनसम्बन्ध र कार्यशैली कसरी सुधार्ने? र, आगामी निर्वाचनमा जनताको मत कसरी जित्ने? यही प्रश्नको सही उत्तर नै सार्थक पार्टी पुनर्गठन हो। त्यसैले आज आवश्यकता कसैलाई हराउने होइन, एमालेलाई जिताउने हो। कसैलाई विस्थापित गर्ने होइन- संस्थालाई स्थापित गर्ने हो। कसैको विरूद्ध उभिने होइन, भविष्यको पक्षमा उभिने हो ।

अन्ततः पुनर्गठन व्यक्तिको विरूद्ध होइन, व्यक्तिमुखी संस्कृतिको विरूद्ध हो । पुनर्गठन नेतृत्वको विरूद्ध होइन, नेतृत्वको नवीकरणका पक्षमा हो। पुनर्गठन विगतको विरूद्ध होइन, विगतबाट भविष्य निर्माण गर्ने संकल्प हो। पुनर्गठन विभाजनको बाटो होइन, संस्थागत एकताको बाटो हो। यही अर्थमा पुनर्गठन आज नेकपा एमालेको रोजाइ मात्र होइन, समयले दिएको ऐतिहासिक जिम्मेवारी हो । रातोपाटीबाट

# मुस्ताङमा आजबाट 'घरपझोंङ ...

पानीका स्रोतमा आएको उतारचढाव, कृषि प्रणालीमा परेको असर तथा प्राकृतिक विपद्को बढ्दो जोखिम सम्मेलनका महत्वपूर्ण विषय बन्नेछन्। पहाडी र तराई क्षेत्रमा देखिएका बाढी, पहिरो, खडेरी, तापक्रम वृद्धि र कृषि उत्पादनमा परेको असरलाई समेत समेटेर छलफल अघि बढाइने आयोजकले जनाएको छ।

सम्मेलनका लागि मुस्ताङका अन्य चार गाउँपालिकाले समेत सहयोग गरेका छन्। दुई दिनसम्म चल्ने सम्मेलनको सम्पूर्ण तयारी अन्तिम चरणमा पुगेको घरपझोंङ गाउँपालिका अध्यक्ष मोहनसिंह लालचनले बताए ।

सम्मेलनको उद्घाटन कृषि, वन तथा पर्यावरणमन्त्री गीता चौधरीले गर्ने कार्यक्रम रहेको छ। गण्डकी प्रदेशका मुख्यमन्त्री सुरेन्द्रराज पाण्डे विशेष अतिथिका रूपमा सहभागी हुने आयोजकले जनाएको छ ।

आदिकवि भानुभक्त क्याम्पसको टोलीले सम्मेलनमा शैक्षिक संस्थाको तर्फबाट जलवायु परिवर्तन, वातावरण संरक्षण र शिक्षाबीचको सम्बन्धबारे अनुभव आदानप्रदान गर्ने अवसर पाउनेछ। विज्ञान तथा प्रविधिको क्षेत्रमा अध्ययन-अनुसन्धान गर्दै आएको क्याम्पसका लागि हिमाली क्षेत्रमा आयोजना हुने जलवायु सम्मेलनलाई शैक्षिक र व्यावहारिक दृष्टिले महत्वपूर्ण अवसरका रूपमा हेरिएको क्याम्पस प्रमुख हड्खलेले बताए।

देशका अधिकांश स्थानीय तह एउटै मञ्चमा भेला हुने भएकाले घरपझोंङ सम्मेलनलाई जलवायु परिवर्तनबारे स्थानीय सरकारको साझा आवाज निर्माण गर्ने अवसरका रूपमा हेरिएको छ । सम्मेलनले घोषणामै सीमित नभई स्थानीय तहले कार्यान्वयन गर्न सक्ने व्यावहारिक जलवायु अनुकूलनका कार्यक्रम र साझा प्रतिबद्धता तय गर्न सके यसको प्रभाव अझ अर्थपूर्ण हुने देखिन्छ।

मिर्लुङ पोलिक्लिनिक प्रा.लि.
व्यास नगरपालिका-२, दमौली तनहुँ
फोन : ०६५-५६४५७८, ९८४६०६२४६५, ९८४६७७०४७२, ९७०३४५७५७८
हाम्रा उपलब्ध सेवाहरू :
१) भिडियो एक्सरे २) आधुनिक प्रयोगशाला सेवा (रगत, दिशा, पिसाव, विर्य, खकार तथा Whole body test पनि गरिन्छ ३) इ.सि.जी. सेवा, मुटुको जाँच, ४) इको (ECHO) गंगालाल हस्पिटलका डा.द्वारा मुटुको भिडियो एक्सरे गरिन्छ ५) माइनर अपरेशन सेवा तथा प्लास्टर, ड्रेसिङ्, स्टेचिङ् आदी सेवा, ६) नेवुलाइजर सेवा, ७० किशोर किशोरीहरूलाई यौन तथा प्रजनन् स्वास्थ्य सम्बन्धी निःशुल्क परामर्श सेवा, ७) परिवार नियोजनका अस्थायी स्वास्थ्य सेवा तथा सुविधा ८) गुणस्तरीय फार्मेसी सेवा





**तीज गीत प्रतियोगिता** : तनहुँको शुक्लागण्डकी नगरपालिका-४ दुलेगौंडामा शुक्लागण्डकी नगर उद्योग वाणिज्य संघ वडा व्यवस्थापन समिति-४ ले हरितालिका तीज पर्वका अवसरमा सोमबार आयोजना गरेको खुला तीज गीत प्रतियोगितामा नृत्य प्रस्तुत गर्दै सहभागि महिलाहरू । उक्त प्रतियोगितामा सहनशील दिदीबहिनी समूह, पोखरा-३२ प्रथम, उज्ज्वल आमा समूह, पोखरा द्वितीय र नेत्रज्योति उज्यालो आमा समूह, भिमाद तृतीय भएका छन् । सिद्धार्थ आमा समूह, कवासे र उन्नति आमा समूह, दुलेगौंडाले सान्त्वना स्थान प्राप्त गरेका छ भने, फुलबारी बालबालिका समूह, खैरेनीटारले उत्कृष्ट नृत्य तथा क्षेत्री समूहले उत्कृष्ट भेषभूषाको पुरस्कार प्राप्त गरेका छन् । *तस्विर : भञ्ज्याङ*

## facebook twitter



**Sanjeev**
x.com/sanpokh

विपद् व्यवस्थापन जतिसुकै भद्रगोल भए पनि के भयो र अब आक्रोशजति सबै विदेशीतिर सोझिइसकेकै छ । सबैको ध्यान प्रधानमन्त्रीले युएनमा कति कडा भाषण गर्ने, कति पैसा माग्ने, कसरी धनी देशका सहभागीलाई देखाइदिने ! भन्नेमा गइ नै सकेको छ । बडेबडे विद्वानहरु वैश्विक परिवेषमा जलवायु परिवर्तनको अर्थराजनीतिको विश्लेषणमा व्यस्त छन् । पत्रकारहरु युएनमा प्रधानमन्त्रीले पढ्ने भाषण कस्ले लेख्ने, भ्रमण टोलीमा कतिजना जाने आदि इत्यादि सूचना खोतल्नमा व्यस्त छन् । सुरुङ्मा अड्केका मानिसको उद्दार हुन नसकेकोमा कसलाई चिन्ता छ? उद्दार भएका मानिसको जनजीविका मासिएकोमा कसलाई चासो छ? चासो जति सब प्रधानमन्त्रीले ल्याउने 'धमाका'मा छ! सरकार त यस्तै हो, समग्र समाज नै दक्षिण भारतको सी ग्रेडको एक्शन मुभीभन्दा वाहियात भयो। कि कसो ?!



**Binod Neupane**
x.com/Neupane1Binod

यसो छेउमा टुत्रुक्क बस्ने BRICS मा प्रवेक्षक पनि बोलाएनन् भारत र चीनले हामीलाई ! BRICS मै बोलाएको भये गज्जब हुन्थ्यो, यो हिम नदी, हिम पहिरो ,बाढी, क्षति आदि विषय उठाउन पाईथ्यो । यी BRICS राष्ट्रहरुको क्रियाकलापहरु अमेरिका नजिकबाट अध्ययन गर्छ। रणनीति तर्जुमा गर्दछ ! विभिन्न महादेशका GDP धेरै भएका मुलुकहरु, यसो बाढीलाई दुई चार पैसो बढी झर्थ्यो कि? भैरेको आशा ! दुई पैसोको पनि गनेनन्; हाम्लाई !

# आँबुखैरेनीको हाटबजार : बारीदेखि बजारसम्म स्थानीय उत्पादनको यात्रा

भञ्ज्याङ समाचारदाता/तनहुँ

तनहुँको आँबुखैरेनी गाउँपालिका-३ मा सञ्चालन हुँदै आएको साप्ताहिक हाटबजार १८४औं हप्तामा पुगेको छ । वि.सं. २०७९ फागुनदेखि सुरू भएको हाटबजारले स्थानीय किसानका उत्पादनलाई बारीबाट सिधै बजारसम्म पुऱ्याउने प्रभावकारी माध्यमका रूपमा आफूलाई स्थापित गरेको छ ।

हरेक शुक्रबार लाग्ने हाटबजारमा बिहानैदेखि किसान, स्थानीय बासिन्दा र साना व्यवसायीको चहलपहल सुरू हुन्छ। गाउँघरमै उत्पादन भएका तरकारी, फलफूल, अन्नबाली, दाल, अचार, घिउ, मह, घरेलु परिकार तथा हस्तकलाका सामग्री बिक्रीका लागि राखिने गरिएको छ । स्थानीय महिलाले तयार पारेका परम्परागत खाद्य परिकार पनि हाटबजारको विशेष आकर्षण बन्ने गरेका छन् ।



हाटबजार सञ्चालनमा आएको साढे तीन वर्षको अवधिमा यसले स्थानीय उत्पादनको बजारीकरणसँगै ग्रामीण अर्थतन्त्रलाई चलायमान बनाउन सहयोग पुगेको गाउँपालिकाले जनाएको छ। किसानले उत्पादन बिक्रीका लागि टाढाको बजार धाउनुपर्ने बाध्यता घटेको छ भने उपभोक्ताले पनि स्थानीय स्तरमै ताजा र गुणस्तरीय सामग्री पाउने गरेका छन् ।

गाउँपालिकाका कृषि शाखा प्रमुख सन्तोष केसीका अनुसार हाटबजार स्थानीय उत्पादनलाई बजारसँग जोड्ने प्रभावकारी माध्यम बनेको छ। बिचौलियाबिना किसानले आफ्ना उत्पादन सिधै उपभोक्तासम्म पुऱ्याउन पाउँदा उचित मूल्य प्राप्त हुने र उपभोक्ताले पनि तुलनात्मक रूपमा सस्तो तथा ताजा वस्तु पाउने अवस्था बनेको उनले बताए ।

'स्थानीय उत्पादनलाई बजारसँग जोड्ने प्रभावकारी माध्यम बनेको छ', केसीले भने, 'किसानले आफैँले उत्पादन गरेको वस्तु उपभोक्तासम्म पुऱ्याउन पाएका छन्। यसले उत्पादन बढाउन र व्यावसायिक खेतीतर्फ आकर्षित गर्नसमेत सहयोग पुगेको छ ।'

आँबुखैरेनी गाउँपालिका-५ छिम्केश्वरीकी किसान सुकमाया चेपाङ नियमित रूपमा हाटबजारमा आफ्ना उत्पादन बिक्रीका लागि आउने गरेकी छन् । उनी गाउँमा उत्पादन भएको सागसब्जी, कोदो, मकै, घिउलगायत सामग्री हाटबजारमा ल्याएर बिक्री गर्छिन्।

पहिले उत्पादन बिक्रीका लागि टाढाको बजारसम्म जानुपर्दा यातायात खर्च र समय दुवै बढी लाग्ने गरेकोमा अहिले गाउँपालिकामै सहज रूपमा बजार पाउँदा आम्दानी बढ्न थालेको उनले बताइन्। 'उत्पादन घरमै हुन्थ्यो, तर बजार पुऱ्याउन समस्या थियो', उनले भनिन्, 'अहिले हाटबजारले सहज बनाएको छ । सामान बेच्न पनि पाइयो र गाउँघरकै मानिससँग भेटघाट पनि हुने गरेको छ ।'

हाटबजार व्यापारिक गतिविधिमा मात्र सीमित नभई स्थानीय समुदायको सामाजिक भेटघाट र अन्तरक्रियाको थलोका रूपमा समेत विकास हुँदै गएको छ। किसानले आफ्ना अनुभव साटासाट गर्ने, स्थानीय उत्पादनको प्रचारप्रसार गर्ने र नयाँ व्यवसायिक सम्भावनाबारे जानकारी आदानप्रदान गर्ने अवसरसमेत हाटबजारले दिएको स्थानीय बताउँछन् ।

गाउँपालिका अध्यक्ष शुक्र चुमानले साढे तीन वर्षको अवधिमै हाटबजार स्थानीय अर्थतन्त्र चलायमान बनाउने आधारका रूपमा स्थापित भएको बताए । स्थानीय उत्पादनले बजार नपाउँदा किसान निरास हुने अवस्था रहेको उल्लेख गर्दै उनले अहिले गाउँमै उत्पादित वस्तु गाउँमै बिक्री हुने वातावरण बन्दै गएको बताए ।

'किसानले उत्पादन गरेर पनि बजार नपाउने अवस्था अन्त्य गर्न हाटबजार सुरू गरिएको हो', अध्यक्ष चुमानले भने, 'अहिले स्थानीय उत्पादन बिक्री हुने वातावरण बनेको छ । यसले ग्रामीण क्षेत्रमा नगद प्रवाह बढाउनुका साथै घरमै उत्पादन गरेर आम्दानी गर्ने संस्कारलाई पनि बलियो बनाएको छ ।'

उनका अनुसार हाटबजारलाई केवल किनबेच गर्ने ठाउँका रूपमा नभई स्थानीय उत्पादन प्रवर्द्धन, स्वरोजगार सिर्जना र सामुदायिक जमघटको साझा थलोका रूपमा विकास गर्नुपर्ने आवश्यकता छ ।

हाटबजारमा स्थानीय मह, गोलभैँडा, सिस्नु, गिट्ठा, अमला, बेथेको साग, फर्सीको मुन्टा, दही, मोही तथा सिब्लीगान जस्ता स्थानीय दैनिक उपभोग्य वस्तु बिक्रीका लागि राखिने गरिएको छ। स्थानीयस्तरमा पाइने र परम्परागत रूपमा उपभोग हुँदै आएका यस्ता उत्पादनलाई बजारसँग जोड्न सके ग्रामीण अर्थतन्त्रमा थप टेवा पुग्ने अपेक्षा गरिएको छ ।

बारीमा उत्पादन भएको वस्तुले बजार नपाएर खेर जाने अवस्थालाई अन्त्य गर्दै आँबुखैरेनीको साप्ताहिक हाटबजार अहिले किसान, उपभोक्ता र साना व्यवसायीबीचको प्रत्यक्ष पुल बन्दै गएको छ । १८४औं हप्तासम्म आइपुग्दा यो हाटबजारले स्थानीय उत्पादनको बजारीकरणसँगै गाउँमै उत्पादन, गाउँमै आम्दानी र स्थानीय अर्थतन्त्र सुदृढीकरणको उदाहरण प्रस्तुत गरेको छ ।

# नगरपालिकाबाटै जग्गा .......

समन्वय भइरहेको नगर प्रमुख त्रिपाठीले जानकारी दिए ।

प्रमुख जिल्ला अधिकारी शिवलाल तिवारीले नागरिकले राज्यबाट पाउने सेवा छिटो, सहज र पारदर्शी हुनु सुशासनको महत्वपूर्ण आधार भएको बताए। भूमि प्रशासनजस्तो नागरिकको दैनिक जीवन र सम्पत्तिसँग प्रत्यक्ष जोडिएको सेवा स्थानीयस्तरमा उपलब्ध हुँदा सेवाग्राहीले एउटै कामका लागि सदरमुकाम धाउनुपर्ने अवस्था घट्ने उनले बताए ।

नगर उपप्रमुख उमा गोतामेले स्थानीय सरकारको प्रभावकारिता नागरिकले अनुभूति गर्ने सेवाको सहजताबाट मापन हुने बताइन्। प्रविधिको प्रयोगसँगै सेवाग्राहीसँग गरिने व्यवहारलाई पनि समान रूपमा प्राथमिकता दिनुपर्ने उनको भनाइ छ ।

'नागरिकले घरबाटै आवश्यक सूचना पाउने, अनलाइनबाट प्रक्रियाबारे जानकारी लिन सक्ने र आफ्नो कामको अवस्थासमेत थाहा पाउने वातावरण बनाउनुपर्छ', उनले भनिन्, 'अनावश्यक रूपमा कार्यालय धाउनुपर्ने अवस्थाको अन्त्य हुनु नै प्रविधिमैत्री सेवा प्रवाहको उद्देश्य हो ।'

नगरपालिकाका प्रमुख प्रशासकीय अधिकृत अमृत सिग्देलले स्थानीयस्तरबाट भूमि प्रशासन सेवा उपलब्ध भएपछि सेवाग्राहीलाई प्रत्यक्ष लाभ पुग्ने बताए । सेवा प्रभावकारी बनाउन आवश्यक जनशक्ति, प्रविधि र सम्बन्धित कार्यालयसँगको समन्वयलाई प्राथमिकतामा राखिएको उनले जानकारी दिए ।

भूमि प्रशासन कार्यालय तनहुँका प्रमुख राजेन्द्रप्रसाद पौडेलले सेवाको प्रभावकारी सञ्चालनका लागि आवश्यक प्रशासनिक तथा प्राविधिक सहजीकरण गरिने बताए । उनका अनुसार नागरिकको नजिकै सेवा पुऱ्याउँदा सेवा प्रवाह थप व्यवस्थित बनाउन सहयोग पुग्नेछ।

नापी कार्यालय तनहुँका प्रमुख विशाल थापाले भूमि प्रशासनसँग जोडिएका नापजाँच तथा अन्य प्राविधिक विषयमा आवश्यक समन्वय गरिने बताए । एउटै कामका लागि सेवाग्राहीले फरक-फरक कार्यालय धाउनुपर्ने अवस्थालाई कम गर्न सम्बन्धित निकायबीच सहकार्य आवश्यक रहेको उनले बताए ।

यसैबीच गण्डकी प्रदेशका अन्य स्थानीय तहले पनि भानुको अभ्यासलाई पछ्याउने तयारी गरेका छन् । लमजुङको मध्यनेपाल नगरपालिका र गोरखाको पालुङटार नगरपालिकाले समेत स्थानीय तहबाटै भूमि तथा जग्गा प्रशासन सेवा सञ्चालन गर्ने तयारी गरेका छन् । पालुङटारले आगामी असोज १ गतेदेखि सेवा सुरू गर्ने तयारी गरेको नगरपालिकाका प्रमुख विवश चिन्तनले जानकारी दिए।

पालुङटार नगरपालिकाका प्रमुख चिन्तनले स्थानीय तहबाट भूमि प्रशासन सेवा उपलब्ध हुँदा नागरिकको समय र खर्च बचत हुनुका साथै प्रशासनिक झन्झटसमेत कम हुने बताए। पालिकाबीच अनुभव आदानप्रदान र सम्बन्धित सरकारी निकायबीच प्रभावकारी समन्वय भएमा सेवा सञ्चालन थप सहज हुने उनको भनाइ छ ।

नेपाल सरकारको २०८३ वैशाख १० गतेको निर्णयअनुसार स्थानीय तहबाटै भूमि तथा जग्गा प्रशासनसम्बन्धी सेवा उपलब्ध गराउने नीति कार्यान्वयनको क्रममा भानु नगरपालिकाले प्रदेशमै पहिलोपटक सेवा सुरू गरेको हो।

भूमि प्रशासनको जिम्मेवारी स्थानीय तहसम्म आइपुग्नु केवल कार्यालय सार्ने विषय होइन, नागरिकलाई राज्यको सेवा नजिक पुऱ्याउने संघीयताको परीक्षणसमेत हो। भानुमा सुरू भएको यो अभ्यास प्रभावकारी र पारदर्शी रूपमा अघि बढ्न सके अन्य स्थानीय तहका लागि पनि नमुना बन्न सक्ने देखिएको छ ।

**भञ्ज्याङ पब्लिकेशन प्रा.लि.**द्वारा प्रकाशित **भञ्ज्याङ राष्ट्रिय दैनिक** पत्रिकाको लागि **सम्पादक** : नारायण खड्का ।
**कार्यालय** : ब्यास-२, दमौली, तनहुँ । **फोन:** ०६५-५६३९०७, E-mail:- bhanjyangdml@gmail.com, Web : www.bhanjyangnews.com **मुद्रण** :- विज्ञान प्रिन्टर्स दमौली, फोन : ०६५-५६०१२४